राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३६० | २०८३ भाद्र २६ गते शुक्रवार | (Friday, 11 Sep., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### विपन्नले उपचार पाउने बालेनकै एजेण्डालाई कुरीकुरी

# 'गरिबको चमेली बोल्दिने कोही छैन...'



**द पब्लिक टुडे समाचारदाता**

*ढल्केबर, भाद्र २५ गते ।*

*गाई त बाँध्यो ढुङ्गोमा मोही छैन, मोही छैन*
*गरिबको चमेली बोल्दिने कोही छैन...*

काठमाडौं महानगरपालिकाको नगर प्रमुख पदमा उम्मेदवार हुँदै गर्दा बालेन्द्र (बालेन) शाह टेलिभिजन प्रस्तोता सुरज ठकुरीको 'इट्स माइ शो'मा ललितपुर महानगरपालिकाका नगर प्रमुख चिरीबाबु महर्जनसँगै पुगेका थिए । उक्त शोमा रामेश रायनको 'गरिबको चमेली बोल्दिने कोही छैन, कोही छैन' बोलको गीतलाई ऱ्यापमा मिक्सअप गरेर बालेनले गाएका थिए ।

पछि बालेनले त्यो गीत आफने युट्युब च्यानलमा पनि हालेका छन् । उक्त गीत युट्युबमा १ करोड ७० लाखले हेरिसकेका छन् ।

सप्तरीमा पैसा नभएकै कारण फुटपाथमा बच्चा जन्माउनुपरेको घटना बिहिबार भाइरलभएसँगै अहिले यो गीतको प्रसङ्ग फेरि जोडिन आइपुगेको छ । राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालले भर्ना नलिएपछि स्थानीय एक महिलाले फुटपाथमै बच्चा जन्माएको घटना सार्वजनिक भएको छ ।

> *सरकारी अस्पतालकै अगाडि फुटपाथमा विपन्न महिला प्रसूति भएको भिडियो सार्वजनिक भएपछि अहिले सरकार र अस्पतालको चर्को आलोचना भइरहेको छ ।*

सुत्केरी व्यथा लागेपछि ती महिला अस्पताल गएकी थिइन् । तर पैसा नभएका कारण अस्पतालले भर्ना लिन नमानेको र बाध्य भएर सडक पेटीमै बच्चा जन्माएको पीडित पक्षको दाबी छ ।

घटना बुधबार बिहान करिब साढे २ बजेको हो । पैसा नभएका कारण फुटपाथमै बच्चा जन्माउन विवश महिला राजविराज नगरपालिका-१४ पर्साही बस्ने हरेराम पासवानकी श्रीमती बबिता पासवान हुन् ।

चुनाव अघि सुदूरपश्चिमको एक चुनावी सभामा प्रधानमन्त्री बालेनले विपन्न नागरिकले शिक्षा, स्वास्थ्य निःशुल्क प्राप्त गर्न सक्ने आफूहरूको एजेण्डा रहेको बताएका थिए । उनले भनेका थिए- 'विपन्न गरिबले शिक्षा पाउनुपऱ्यो त्यो हो हाम्रो एजेण्डा । खल्तीमा पैसा नभको विपन्न गरिबले स्वास्थ्य उपचार पाउनुपऱ्यो त्यो हो हाम्रो एजेण्डा ।'

छोटो भाषणमै बालेनले राखेको यी एजेण्डा र उनको प्रस्तुती शैलीले निकै चर्चा पाए । चौतर्फी रुपमा उनको वाहवाही भयो । चुनावी नतिजा पनि त्यही अनुसार आयो । जनमत रास्वपाकै पक्षमा उर्लियो । बालेनले चुनाव पनि जिते । प्रधानमन्त्री नै उही बने ।

तर, सरकारी अस्पतालकै अगाडि फुटपाथमा विपन्न महिला प्रसूति भएको भिडियो सार्वजनिक भएपछि अहिले सरकार र अस्पतालको चर्को आलोचना भइरहेको छ । दोषीलाई कारबाही गर्नुपर्ने माग चौतर्फी रुपमा उठिरहेको छ ।

मंगलबार राति डेढ बजे व्यथा लागेपछि बबिता श्रीमान् हरेराम र दुई जना सासु नाता पर्ने महिलालाई लिएर सिटी रिक्सामा अस्पताल

- बाँकी पृष्ठ ३ मा

## संसद्मा विरोध


खगेन्द्र कर्ण, सांसद


अंकिता ठाकुर, सांसद

सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालले भर्ना नलिँदा फुटपाथमै एक महिलाले बच्चा जन्माएको घटना संसद्मा प्रवेश गरेको छ । बिहीबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूले एक महिलाले फुटपाथमै बच्चा जन्माएको घटनाको छानबिन गर्दै दोषीमाथि कारबाही गर्न माग गरेका छन् ।

रास्वपा सांसद खगेन्द्र कर्णले पैसाको अभावका कारण उपचार नपाएपछि महिलाले अस्पताल कम्पाउन्ड बाहिर सडकमै बच्चा जन्माउनु परेको घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरे । विपन्न, दलित तथा गरिब नागरिकको भरोसाको केन्द्र मानिने सरकारी अस्पतालमै केही सय रुपैयाँको अभावमा सुत्केरी महिला सडकमा पुग्नुले राज्यको स्वास्थ्य प्रणाली र दाबीको वास्तविक कमजोरी उदांगो पारेको उनको भनाइ छ ।

कर्णले यस अमानवीय तथा संवेदनशील घटनाप्रति स्वास्थ्यमन्त्रीको गम्भीर ध्यानाकर्षण गराउँदै घटनाको सत्य तथ्य विवरण तत्काल संसदमा जानकारी गराउन माग गरे ।

रास्वपाकै अर्की सांसद अंकिता ठाकुरले पैसा नभएकै कारण गरिब महिलाले सन्तान जन्माउने र आमा बन्ने अधिकारसमेत गुमाउनुपर्ने अवस्था आएको भन्दै आक्रोश व्यक्त गरिन् । प्रसव पीडाले छटपटाउँदै अस्पताल पुगेकी महिलालाई उपचार सुरु गर्नुको सट्टा अस्पताल प्रशासनले पैसाको मोलमोलाइ गरेको र पैसा नभएकै कारण चिसो र धुलाम्य सडकमा निकालिदिएको उनको भनाइ छ ।

ठाकुरले नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवाको ग्यारेन्टी गरेको भए पनि गरिब जनताले सरकारी अस्पतालमै प्रसूति सेवा नपाएर सडकमा पुग्नुले संविधान र लोकतन्त्रकै उपहास भएको उल्लेख गरिन् ।

**फ्ल्याट भाडामा**

महोत्तरीको गौशाला बजारमा अवस्थित समिर गेष्ट हाउसको दोस्रो तल्ला बैंक तथा वित्तीय संस्था एवं अन्य कार्यालय प्रयोजनको लागि सुविधा सम्पन्न फ्ल्याट भाडाका लागि उपलब्ध छ ।

भाडा लिन इच्छुक व्यक्ति वा संस्थाले यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

भाडा आपसी सम्झदारीमा तय गरिनेछ ।

PRIME LOCATION

सम्पर्क नं. : ९८४४२७५८६४, ९८१९८७९९८८

## बर्दिबास उद्योग वाणिज्य संघका सदस्यलाई बिमा उपहार

**द पब्लिक टुडे समाचारदाता**

*बर्दिबास, भाद्र २५ गते ।*



बर्दिबास उद्योग वाणिज्य संघले आफ्ना सदस्यहरुका लागि दुर्घटना बिमाको उपहार ल्याएको छ । डिजिटल भुक्तानी सेवा प्रदायक कम्पनी इसेवासँगको सहकार्यमा सङ्घले आफ्ना सदस्यहरुका लागि दुर्घटना बिमा व्यवस्था लागु गरेको हो ।

इसेवासँग बुधबार औपचारिक सम्झौता भएसँगै यो सुविधा सुरु भएको छ । संघको सदस्यता नविकरण गर्ने र नयाँ सदस्यता लिने सबैले यो सुविधा पाउने बर्दिबास नगरक्षेत्रका उद्यमी, व्यवसायी र व्यापारीले निःशुल्क दुर्घटना बिमा पाउने महासचिव केदार गौतमले स्पष्ट पारे ।

"संघको सदस्यता नविकरण गर्ने र नयाँ सदस्यता लिने सबै उद्यमी व्यवसायीले यो सुविधा तत्काल पाउन थाल्नेछन्" संघका महासचिव गौतम भन्छन्, "यसबाट उद्यमी, व्यवसायीले अचानक पर्ने दुर्घटनाका बेला अर्थाभावले उपचार नपाउने नियति भोग्नुपर्ने छैन ।" यो योजनाअन्तर्गत दुर्घटनापछिको उपचार खर्च, दुर्घटनामा मृत्यु हुनेका परिवारलाई

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

## सम्पादकिय............

# उजुरीमा कारबाही : सुशासनको पहिलो परीक्षा

सुशासनको आधार कानुनको शासन, जवाफदेहिता र नागरिकको अधिकारको सम्मान हो । तर नागरिकले अधिकार हनन, विभेद, हिंसा वा राज्य संयन्त्रबाट भएको अन्यायविरुद्ध उजुरी दिँदा त्यसको सुनुवाइ र कार्यान्वयन नै सुस्त हुन्छ भने सुशासनको अनुभूति कसरी हुन सक्छ ? मधेश प्रदेशमा मानवअधिकारसम्बन्धी उजुरीको संख्या उल्लेख्य रहे पनि कारबाही प्रक्रिया अपेक्षाकृत सुस्त रहेको समाचारले यही गम्भीर प्रश्न उठाएको छ । उजुरी गर्नु नागरिकको अधिकार हो भने त्यसउपर निष्पक्ष छानबिन गरी दोषी देखिए कारबाही गर्नु राज्यको दायित्व हो । उजुरी दर्ता गरेर थन्क्याउने, छानबिनमा ढिलाइ गर्ने वा एउटा कार्यालयबाट अर्को कार्यालयमा पठाउँदै जिम्मेवारी पन्छाउने प्रवृत्तिले पीडितको न्यायप्रतिको विश्वास कमजोर बनाउँछ । अझ मानवअधिकारसँग जोडिएका विषयमा ढिलाइ स्वयं अन्यायको अर्को रूप बन्न सक्छ ।

मधेशमा नागरिक, राजनीतिक तथा सामाजिक अधिकारसँगै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला तथा बालबालिकामाथिका हिंसालगायत विषयमा उजुरी पर्ने तथ्यले समस्या विविध र गम्भीर रहेको देखाउँछ । त्यसैले उजुरीको संख्या घटाउनु मात्र होइन, उजुरीको प्रभावकारी सम्बोधन गर्नु राज्यको प्राथमिकता हुनुपर्छ । सम्बन्धित निकायले प्रत्येक उजुरीको समयसीमा तोकी छानबिन, अनुगमन र कारबाहीको स्पष्ट प्रणाली बनाउन आवश्यक छ । दोषी जोसुकै भए पनि कानुनअनुसार कारबाही हुने र पीडितले न्याय पाउने वातावरण निर्माण हुनुपर्छ । साथै, उजुरीको प्रगति र परिणामबारे सार्वजनिक जवाफदेहिता कायम गरिनुपर्छ ।

नागरिकको उजुरी केवल कागजको एउटा निवेदन होइन, राज्यप्रतिको विश्वासको अभिव्यक्ति हो । त्यसैले उजुरीमाथिको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिएर मात्र मधेशमा मानवअधिकारको संरक्षण र समग्रमा सुशासनयुक्त मुलुक निर्माणको आधार बलियो बनाउन सकिन्छ ।

## राशिफल

मेष - नयाँ काम सुरु गर्ने समय छ ।
वृष - सम्झौता भंग हुन सक्छ ।
मिथुन - वचन दिनाले दुःख पाइनेछ ।
कर्कट - योजना गोप्य राख्नुहोला ।
सिंह - केही काम बनाउन सकिनेछ ।
कन्या - रोकिएका काम बन्नेछ ।
तुला - समय फलदायी रहनेछ ।
वृश्चिक - सहयोगीहरूले साथ दिनेछन् ।
धनु - सोचेको लाभ नउठ्न सक्छ ।
मकर - परिस्थिति प्रतिकूल रहनेछ।
कुम्भ - कर्जा लिनुपर्ला ।
मिन - फड्को मार्ने समय छ ।

# दल खोल्दै र छोड्दै रास्वपा पुगेका दीपक साह बने उद्योगमन्त्री

▪ लिलु डुम्रे

खाना पकाउने ग्यासको समस्या समाधान गर्न नसकेपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले बिहीबार पदबाट राजीनामा दिइन् । उनको स्थानमा सुनसरी-४ बाट निर्वाचित दीपककुमार साह नियुक्त भएका छन् । साहले बिहीबार नै पदीय जिम्मेवारी सम्हालेका छन् । पार्टी बनाउँदै र छोड्दै हिँडेका नवनियुक्त उद्योग मन्त्री साहले यसबीचमा चार वटा पार्टी चहारिसकेका छन् । उनले जनमत पार्टी गठन गर्न महत्वपूर्ण भूमिका खेलेका थिए । जनमत पार्टी गठन गर्ने बेला डा. सीके राउतका सारथि साह रास्वपा सांसद हुँदै मन्त्री पदमा पुगेका छन् ।



पेसाले इन्जिनियर साहले जनमत पार्टी गठन गर्न राउतलाई ठूलो सहयोग गरेका थिए । दुवैको अध्ययनको क्षेत्र इञ्जिनियरिङ हुँदा साह र राउत नजिकिएका थिए । जनमत गठनपछि साह उच्च तहका दुई पद उपाध्यक्ष र अनुशासन समितिको प्रमुख बने । सुरुमा जनमतले केन्द्रीय कार्यालय साहको भक्तपुरस्थित घरमा राखेको थियो । सूर्यविनायक-३, भक्तपुरमा रहेको साहको घरको भुइँ तलामा जनमतको सुरुवातकालीन पार्टी कार्यालय थियो ।

कुनै बेला पुल्चोकस्थित इञ्जिनियरिङ क्याम्पसमा भर्ना हुनका लागि राउतलाई आर्थिक जोहो गरिदिने व्यक्ति उनै नवनियुक्त मन्त्री साह थिए । उक्त प्रसंगलाई जनमतका अध्यक्ष राउतले आफ्नो पुस्तकमा पनि उल्लेख गरेका छन् ।

पार्टी गठनपछि राउत र साहको सम्बन्ध दिगो भने भएन । अध्यक्ष राउत र तत्कालीन उपाध्यक्ष साहबीचको सम्बन्धमा दरार आउनुमा आर्थिक विषय कारण रहेको उनीहरूको सम्बन्धबारे जानकार मधेशका नेताहरू बताउँछन् ।

राउत र साहबीचको तीन दशक लामो सम्बन्धमा दरार ल्याउने अर्को प्रकरण भने गोमा लाभलाई संघीय सांसदबाट हटाउने निर्णय थियो । अनुशासन आयोगका प्रमुख रहेका साहले गोमा लाभलाई हटाउने निर्णयमा पुनर्विचारको आग्रह गरेका थिए ।

गोमालाई सांसद पदबाट हटाउन अध्यक्ष राउतले पटकपटक तत्कालीन सभामुख देवराज घिमिरेलाई पत्र लेखेका थिए । तर त्यसबेलाका सभामुख घिमिरेले जनमत अध्यक्षको चाहनाअनुसार गोमालाई हटाएनन् ।

सम्बन्ध बिग्रँदै गएपछि साहलाई पार्टीले स्पष्टीकरण सोधेको थियो । स्पष्टीकरण चित्त बुझ्दो नभएको भन्दै निलम्बन गरेर गत साउनदेखि साहलाई पार्टीबाट नै निष्काशन गरिएको थियो ।

उपाध्यक्ष साहले पार्टीमा जिम्मेवारी अनुसारको भूमिका निर्वाह नगरेको, अध्यक्ष सीके राउतको विरुद्ध लागेको, विधान विपरीतका गतिविधिमा संलग्न भएको र पार्टी फुटाउन गुटगत बैठक गर्दै हिँडेको जनमतको आरोप थियो । पार्टीबाट निलम्बनका क्रममा पनि उनले पार्टीको नाम, झण्डा, छाप आदिको प्रयोग गरिरहेका थिए ।

जनमतबाट साधारण सदस्यसमेत नरहने गरी निष्काशन भए पनि उनी राजनीतिमा भने निष्क्रिय बसेनन् । साहले आफ्नै नेतृत्वमा जनस्वराज पार्टी गठन गरेर निर्वाचन आयोगमा दर्ता गराए । जनस्वराज पार्टीको नामका विरुद्धमा अदालतमा मुद्दा पऱ्यो ।

जनमत पार्टी परित्याग गरेकाहरूले गठन गरेको दललाई मान्यता नदिन माग गर्दै जनमतका अध्यक्ष राउत अदालत गएका थिए । साहको नेतृत्वमा आयोगमा दर्ता भएको जनस्वराज पार्टीलाई अदालतले मान्यता दिएन ।

त्यसपछि उनले अर्को दल दर्ता गराए । साहले नयाँ दल 'सर्वोदय' नाम राखेर निर्वाचन आयोगमा दल दर्ता गराए । उक्त दलले चुनाव चिह्न 'मकैको घोगा' प्राप्त गरेको थियो । उक्त दलका अधिकांश व्यक्ति जनमतबाट निस्केका, निष्काशनमा परेकाहरू थिए ।

चुनावको मुखमा साह स्वयं नै रास्वपामा प्रवेश गरे । उनको दल सर्वोदय रास्वपामा विलय भयो । सुनसरीका साहले रास्वपाबाट सुनसरी-४ मा प्रतिनिधिसभाको टिकट पाए । चुनावी लहर रास्वपाको पक्षमा आएको बेला उनले कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीलाई फराकिलो अन्तरले पराजित गरे ।

२०७९ सालमा जनमतबाट चुनावी प्रतिस्पर्धा नगरेका साह पहिलो पटक उम्मेदवार बनेका थिए । उनी ४२ हजार ७७१ मत मत प्राप्त गरेर निर्वाचित हुँदा पराजित कार्कीले १६ हजार ५८७ पाएका थिए ।

सुनसरीस्थित कप्तानगञ्जमा गत साउन १० गते भएको घटनाका विषयमा आफूखुसी प्रतिवेदन तयार गरेको भन्दै उनीमाथि पार्टीभित्र प्रश्न उठेको थियो । दुई समुदायबीचमा भएको उक्त घटना विस्तार हुँदै मधेशमा समेत पुगेको थियो । दुई समुदायको विवाद उग्रहुँदा सुनसरीमा ३ र सिरहामा १ जनाको ज्यान गएको थियो ।

गृहमन्त्री सुधन गुरुङको मौखिक निर्देशनमा सुनसरी घटनाको छुट्टै प्रतिवेदन तयार गरेको साहले दाबी गरेका छन् । विना निर्णय आफूखुसी प्रतिवेदन तयार गरेको र उक्त घटनामा रास्वपाका सांसदलाई पनि दोषी देखाएको भन्दै साहका विषयमा पार्टीभित्रै प्रश्न उठेको थियो ।

# ग्यास अभावकै बेला मन्त्री भइन्, नचाहिँदो बोलेर पदबाट गइन्

**काठमाडौं, भदौ २५ गते ।**



उसो त बालेन शाह नेतृत्वमा सरकार बन्दा नै देशमा खाना पकाउने एलपीजी ग्यासको अभाव थियो । त्यसको कारण पनि थियो । पश्चिम एसिया संकटका कारण आयातमा आएको संकुचनको बहाना बनाएर पेट्रोलियम पदार्थको आयात र व्यापारमा एकाधिकार पाएको नेपाल आयल निगम र उद्योगीहरुले बजारमा ग्यास आपूर्तिमा गडबडी गरिसकेका थिए ।

चैत १३ मा वर्तमान सरकार बनेपछि ग्यास सजिलै पाइएला भन्ने जनताको आशा थियो । दुई तिहाइको सरकारले चुड्कीकै भरमा अभाव अन्त्य गरिदेला भन्ने विश्वास उनीहरुको थियो । तर, यो सरकार बनेको साढे पाँच महिनाभर जसो नै ग्यासको आपूर्ति सहज भएन । अहिले त कृष्णभीरको पहिरो देखाएर उपत्यकामा चरम अभाव गराइएको छ ।

त्यही ग्यासको ग्रामर मिलाउन नसकेपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले पदबाट राजीनामा दिएकी छिन् ।

देशमा चुलिएको खाना ग्यासको चरम अभावमा शुरुमा सरकार र उद्योगीले उपभोक्तालाई दोष दिए । तिनले भन्दैजाँदा कतिसम्म भन्न भ्याए भने यो ग्यास अभाव हुनुको मूल कारण पुराना दलका कार्यकर्ता हुन् । ती कार्यकर्ताले चाहिनेभन्दा धेरै ग्यास जानाजान किनेकाले अभाव भयो ।

यसरी ग्यास अभावको दोष उपभोक्ताले बेहोर्नुपर्ने विचित्रको अवस्था उत्पन्न भयो । खासमा ग्यासको सिन्डिकेट, कालोबजारी रोक्न नसक्ने मात्रै होइन, विवादित अभिव्यक्तिसमेत दिनपुगेकी मन्त्री यादवले अन्ततः पद नै छोड्नुपर्ने अवस्था आयो ।

काठमाडौं उपत्यकालगायत देशभर ग्यास पाउन उपभोक्ताहरू रित्तो सिलिन्डर बोकेर दिनरात लाइनमा बस्न बाध्य भएका छन् भने २ हजार ६० रुपैयाँ तोकिएको ग्यास सिलिन्डरको ३ हजार रुपैयाँसम्म असुली भइरहेको छ ।

तर, सरकारले आपूर्ति प्रणालीलाई ठीक बनाउन मात्रै होइन, उपभोक्तालाई ठगिनबाट बचाउन पनि सकेको छैन ।

**ग्यास संकटको शृखंला : चुनावअघिदेखि नयाँ सरकारसम्म**

नेपालमा ग्यास आपूर्तिमा समस्या गत वर्ष २०८२ पुसबाट नै सुरु भएको थियो । पश्चिम एसियामा अमेरिका, इजरायल र इरानबीचको तनावका कारण 'स्ट्रेट अफ होर्मुज' समुद्री मार्ग प्रभावित हुनुका साथै भारतको बरौनी रिफाइनरीमा मर्मत-सम्भार चलेपछि आयात शृङ्खला प्रभावित भएको थियो ।

तत्कालीन समयमा २०८२ फागुनको निर्वाचनअघि ग्यास अभाव चर्किएपछि नेपाल आयल निगमले फागुन अन्तिमतिर १५ दिनका लागि भन्दै आधा सिलिन्डर (७.१ किलो) ग्यास वितरण गर्ने निर्णय गरेको थियो ।

तर, त्यसले समस्या समाधान गर्ने होइन, झनै पेचिलो बनायो । आयल निगमले सो निर्णय २०८३ को असार मसान्तमा सच्यायो ।

त्यसपछि २०८३ साउन १ गते (असार ३१) देखि पुनः पूर्ण तौलको (१४.२ किलो) भरी सिलिन्डर बिक्री खुला गरियो । तर, त्यसले फेरि पनि समस्या समाधान गरेन । ग्यास अभाव झनै चर्कियो । कारण देखाइयो- ४ महिनादेखि घरमा थन्किएका खाली सिलिन्डरहरू एकैपटक रिफिलका लागि बजारमा निस्किँदा भर्न सकिएन ।

विपत्तिको मार र कृष्णभीरको कहर साउन महिनादेखि नै बिग्रिएको आपूर्ति व्यवस्थामा भदौ १० गते रसुवास्थित भोटेकोशी र त्रिशूली

- बाँकी पृष्ठ ३ मा

## बर्दिबास उद्योग वाणिज्य संघका...

सहयोग एवं शववाहन र अन्त्येष्टि खर्चलगायतका सुविधा समेटिएका गौतमको भनाइ छ । यो सुविधाले बर्दिबास नगर क्षेत्रका सङ्घमा आबद्ध तीनहजार बढी उद्यमी, व्यवसायी लाभान्वित हुने सङ्घले स्पष्ट पारेको छ । खासमा साना उद्यमी व्यसायीले यो सुविधाबाट राहत पाउने संघको अपेक्षा छ । इसेवासँग सहमति भइसकेको हुँदा यो योजना तत्काल सुरु भइसकेको संघका सचिव रिमनाथ अधिकारी बताउँछन् ।

यसअन्तर्गत दुर्घटनामा परेका संघका सदस्यले उपचार खर्चवापत एक लाख रुपैयाँसम्म पाउने व्यवस्था छ । यस्तै दुर्घटनापछि उपचार हुँदाहुँदै मृत्यु भएका सदस्यको परिवारलाई थप एक लाख नगद र शववाहन र अन्तेष्टि शिर्षक खर्चवापत २० हजार रुपियाँ पाउने व्यवस्था रहेको अधिकारीले स्पष्ट पारेका छन् ।

यो व्यवस्थाले सदस्यको उपचार र मृत्युपछि परिवारले राहत पाउनसँगै सदस्यता नविकरण र नयाँ सदस्यताबारे आकर्षण थपिने सङ्घको अपेक्षा छ । यो व्यवस्था मधेश प्रदेशभित्र आफूहरुको पहिलो प्रयास भएको अधिकारी बताउँछन् । यो व्यवस्थाले खर्चकै अभावमा न्यूनतम उपचार नपाउने अवस्था नरहने र यसले सामाजिक सुरक्षामा बल पुऱ्याउने बर्दिबासका उद्यमी, व्यवसायीले आस सँगालेका छन् ।

## गरिबको चमेली बोल्दिने कोही...

पुगेकी थिइन् । त्यहाँ पुगेपछि अस्पतालको प्रसूति विभागमा खटिएकी स्टाफ नर्सले पहिले अल्ट्रासाउन्ड, प्रयोगशालाबाट रगत र पिसाब परीक्षण गर्न भनिन् । त्यसका लागि २ हजार ५००रुपैयाँ लाग्ने अस्पतालले बताएको थियो ।

तर, आफू विपन्न रहेको र पैसा नभएको बबिताले सुनाइन् । उनले यसअघि आफ्ना तीन सन्तान सामान्य रूपमा जन्मिएको र कुनै चेकजाँच नगराएको बताइन् । तर नर्सले जाँच नभई यहाँ प्रसूति गराउन नमिल्ने भन्दै बाहिर निस्किन हप्काएको उनको दाबी छ ।

'मैले भनें- दिदी, यसअघि मेरा तीन बच्चा हुँदा कुनै जाँच गराएको थिइनँ । तर उहाँले रगत र अल्ट्रासाउन्डको २५ सय रुपैयाँ लाग्ने बताउनुभयो । मसँग पैसा थिएन । मैले बिहान भएपछि अल्ट्रासाउन्ड गराउँछु, जाँच गराउँछु, भर्ना गरिदिनुस् भनेर आग्रह गरेँ,' बबिताले भनिन्, 'तर जाँचविना कुनै हालतमा भर्ना नलिने भन्दै हप्काएर ती दिदीले निकालिदिनुभयो ।'

पैसा नभएका कारण जाँच गराउन नसकिने र अस्पतालले भर्ना नलिने भएपछि बाध्य भएर बबिता परिवारसहित अस्पताल बाहिर आइन् । उनी एक औषधि पसल अगाडि पुगिन् । त्यहाँ उनले औषधि पसलेलाई डाक्टरसँग चेक गराइदिन आग्रह गरिन् ।

औषधि पसलेले अहिले यहीँ बस्न भन्दै बिहान चिकित्सक आएपछि जाँच गराइदिने आश्वासन दिएको बबिताले सुनाइन् । केहीबेरपछिबबितालाईप्रसवपीडाले च्याप्यो । उनी त्यहीँ छट्पटाउन थालिन् । सँगै पुगेका महिलाले उनको देखभाल गरे । श्रीमान् तनावमा परे । तर उनीहरूसँग अर्को उपाय थिएन । एकछिनपछि बबिताले छोरा जन्माइन् ।

छोरा जन्माएपछि परिवारले सालनालसहितको शिशु बोकेर अस्पतालमा पुगे । तर पनि ती स्वास्थ्यकर्मीले भर्ना नलिएको बबिताको दाबी छ । बबिता छट्पटाइरहिन् ।

'मसँगै जानुभएकी सासु पर्ने महिलाले यो खाली बेडमा सुत, जे हुन्छ हुन्छ भन्नुभयो । म सुत्न खोजेँ । तर पनि ती स्वास्थ्यकर्मी दिदीले यहाँबाट भाग, नभए धक्का दिएर निकालिदिन्छु भनेर धम्क्याउनुभयो । अनि हामी बाध्य भएर घर फर्कियौँ,' बबिताले सुनाइन् । सार्वजनिक भएको भिडियोमा महिला फुटपाथमा प्रसव पीडाले छट्पटाइरहेको देखिन्छ । उनका आफन्त एक महिला र पुरुष पनि देखिन्छन् । उनीहरूले महिलाको स्याहारसुसार गरिरहेका छन् । केहीबेरपछि त्यहीँ उनले बच्चा जन्माएको भिडियोमा देखिन्छ ।

फ्रि हेल्थ सर्भिसको फोकल पर्सन मनोज देवले महिला राति २ बजे आएपछि अस्पतालको २४ नम्बर बेडमा भर्ना भएको दाबी गरे । 'उहाँ राति २ बजे राति आएपछि पीपी चेक गर्ने काम भयो । त्यसपछि गर्भवती अवस्थामा उहाँले गराउनु पर्ने कुनै चेकजाँच नगराएको पाइयो । आवश्यक स्वास्थ्य परीक्षणको लागि चिकित्सक र स्वास्थ्यकर्मीले ल्याबमा पठायो,' उनको दाबी छ, 'उहाँहरु ल्याबमा गएर त्यतैबाट निस्किनुभयो । बिहान ५ बजे शिशु जन्मेपछि अस्पतालमा मात्र आउनुभयो । यहीं सालनाल काटेर पठाउने काम भयो ।'

यता, अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रञ्जितकुमार झाले आफूले पनि भिडियो हेरेपछि घटनाबारे थाहा पाएको बताएका छन् । महिला बच्चा जन्माइसकेपछि बिहान ४ बजे मात्र अस्पतालमा पुगेको आफूलाई जानकारी भएको मेसु झाको भनाइ छ ।

उनका अनुसार भिडियो सार्वजनिक गर्ने व्यक्तिले सुरुमा महिला अस्पतालमा सुत्केरी गराउन गएको तर त्यहाँ चिकित्सकले पाँच हजार रुपैयाँ जतिको प्रयोगशाला जाँच गराउनुपर्ने भनेपछि उनी बाहिर आएर सुत्केरी भएको दाबी गरेका छन् ।

आफू काठमाडौंमा रहेको र यस घटनाबारे छानबिन गर्न एउटा छानबिन समिति गठन गर्न लागेको उनले बताए ।

सरकारी र निजी अस्पतालमा १० प्रतिशत विपन्न गरिबको लागि बेड छुट्याउने कानुनी व्यवस्था छ । तर संघीय सरकार अन्तर्गतको अस्पतालबाट नै प्रसव पीडाले छट्पटाइरहेकी महिलालाई लखेटिएको र फुटपाथमा शिशु जन्माउनु परेको यो घटनाले नेपालको स्वास्थ्य उपचार सेवाको प्रणालीलाई गिज्याइरहेको छ ।

## ग्यास अभावकै बेला मन्त्री...

नदीमा आएको बाढीका कारण झनै समस्याग्रस्त भयो । भदौ १४ गते पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा ठूलो पहिरो जाँदा सडक भासिएपछि उपत्यका जोड्ने मुख्य मार्ग नै अवरुद्ध भयो ।

त्यसो भएपछि ग्यास मात्रै होइन, यात्रु र अन्य सामान पनि काठमाडौँ ल्याउन कठीन भयो । यही मौकामा ग्यास वितरण ठप्प भयो । सरकारले हस्तक्षेप नै गर्न सकेन ।

सरकारले काठमाडौँ, धादिङ र काभ्रेका सिलिन्डरहरू कान्ति लोकपथ र त्रिभुवन राजपथ हुँदै तराईका बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासीलगायतका उद्योगमा लगेर रिफिल गरी ल्याउने अल्पकालीन व्यवस्था मिलाएको घोषणा गरियो ।

तर एलपी ग्यास उद्योग सङ्घले आयल निगमकै सहमतिमा प्रतिसिलिन्डर १०५ रुपैयाँ ३८ पैसा ढुवानी खर्च बढाएको घोषणा गऱ्यो । ग्यासको मूल्य नै २०६० रुपैयाँबाट २१६५ रुपैयाँ प्रतिसिलिन्डर पुग्यो ।

तर उद्योगीहरूले वैकल्पिक मार्गबाट पर्याप्त ग्यास ल्याउन नसकेपछि डिलरहरू आफैँ गाडी रिजर्भ गरेर तराईका उद्योग पुग्न थाले ।

साना गाडीको ३० हजार र ठूला ट्रकको ८० हजारदेखि १ लाख रुपैयाँसम्म भाडा परेको बहानामा खुद्रा बिक्रेता र डिलरहरूले एउटा सिलिन्डरको २५ सय, २८ सय हुँदै ३ हजार रुपैयाँसम्म खुलेआम असुल गरे ।

त्यसैगरी आयल निगमले २१ सय रुपैयाँ तोकेको सिलिन्डरको धरौटी रकमसमेत २६ सयदेखि ३ हजार रुपैयाँसम्म असुलियो ।

मन्त्रालयमा बसेर उपभोक्ताले गरेको फोन उठाउँदै फलानो ठाउँमा ग्यास छ भन्ने मन्त्री यादवले जनता यसरी खुलेआम ठगिँदा कुनै हस्तक्षेप गर्न सकिनन् । बरु मन्त्रीलगायत मन्त्रालय र आयल निगमका पदाधिकारीहरूले भने बजारमा ग्यास अभाव नै नरहेको, आपूर्ति पर्याप्त रहेको र मानिसहरू मिडिया कभरेजका लागि मात्र लाइन बसेको दाबी गर्दै सर्वसाधारणमाथि दोष थोपरे ।

०८३ साउन १९ गते प्रधानमन्त्री कार्यालयमा भएको बैठकमा समेत आयल निगम र ग्यास उद्योगीहरूले बजारमा ग्यास अभाव नभएको र उपभोक्ताले धेरै सञ्चय गरेकाले मात्र समस्या देखिएको भन्दै गलत ब्रिफिङ गरेका थिए ।

**सिन्डिकेटको कब्जामा एलपीजी ग्यास**

नेपालको पेट्रोलियम क्षेत्र र खासगरी ग्यासको रिफिल र आपूर्ति पूर्ण रुपमा सिन्डिकेटको कब्जामा छ । नेपालमा संचालनमा रहेका ५८ वटै ग्यास उद्योग पूर्ण रूपमा निजी क्षेत्रका हुन् ।

सरकारी निकाय आयल निगमसँग न त आफ्नै बोटलिङ प्लान्ट छ, न त ग्यास बोक्ने एउटा बुलेट नै छ; न आपूर्ति गर्ने गाडी । जसका कारण भारतबाट ग्यास आयात गर्दा भारतीय बुलेटको ढुवानीमै वर्षेनी ६ अर्ब रुपैयाँ बाहिरिने गरेको छ ।

यता उद्योगीहरुले नेपाल एलपी ग्यास उद्योग संघ भन्ने सिन्डिकेट बनाएका छन् । यसको काम उपभोक्तालाई न्याय दिने नभई आफ्नो नाफा बढाउने, संकटका बेला आपूर्ति रोक्ने र सरकारलाई गलाएर आफ्नो स्वार्थमा काम गराउने हो ।

तर उद्योगमन्त्री गौरीकुमारी यादवले त्यो सिन्डिकेट भत्काएर उपभोक्तालाई राहत दिने भन्दा पनि उनीहरुसँगै मिलेमतो गरेको आरोप लागेको थियो । पछिल्लो समयमा भारतबाट ग्यासको आयात कम भएको सरकारको भनाइ छ ।

तर आपूर्ति व्यवस्था चुस्त बनाउन नीतिगत हस्तक्षेप वा कूटनीतिक पहल गर्नुको सट्टा मन्त्री गौरीकुमारी यादव कल सेन्टरमा फोन उठाउने र प्रचारबाजी गर्ने काममा सीमित भइन् ।

बुधबार प्रतिनिधि सभाको उद्योग समिति बैठकमा मन्त्री यादवले 'ग्यास अभाव उद्योगीका कारण भएको हो, ग्यास उद्योगीको 'पाता नकसेसम्म' अभाव सहज हुँदैन' भन्ने विवादास्पद अभिव्यक्ति दिइन् ।

यादवले हाल संचालनमा रहेका ५८ वटै ग्यास उद्योगको लाइसेन्स खारेज गरी देशमा २ वटा मात्र उद्योग राख्नुपर्ने दाबीसमेत गरिन् । साथै, आफूले कारबाही गर्न खोज्दा आफ्नै मन्त्रालयका कर्मचारीले नटेरेको र असहयोग गरेको भन्दै उनले लाचारी प्रकट गरेकी थिइन् । त्यतिमात्रै होइन, ५८ वटा ग्यास उद्योगले ३-३ हजारका दरले हरेक दिन काठमाडौंमा सिलिन्डर पठाइदिएको भए आज यो स्थिति आउने थिएन भन्दै आफू पन्छिन खोजिन् ।

'हिजोअस्ति ४८ हजार सिलिन्डर हामीले काठमाडौं पठाएका छौं, तर यहाँ १९-२० हजार भन्दा बढी 'कसैले पाएको छैन, कहाँ गयो त्यो सिलिन्डर ? कसैलाई केही थाहा छैन । मैले पनि हात जोडेरै सबैलाई भनेको छु कि ग्यासको आपूर्ति सहज बनाइदिनुस्, सबै उद्योगीलाई राखेर हात जोड्दा पनि नहुँदो रहेछ,' यादवको अभिव्यक्ति थियो ।

ग्यासको आपूर्तिको परीक्षा पास गर्न नसकेपछि प्रधानमन्त्री बालेनले उनलाई पद छाड्न लगाए । तर मन्त्रीले राजीनामा गर्नेबित्तिकै आपूर्ति सहज हुने होइन, आजैबाट ग्यास पाइहालिने होइन । मन्त्रीको राजीनामाले राजनीतिक विवादमा नयाँ मोड त देखियो । तर आपूर्ति प्रणालीको दीर्घकालीन राजमार्ग खुलेको छैन । त्यसका लागि ठूलै संरचनात्मक लडाइँ जित्नुपर्ने हुन्छ ।

मन्त्री यादवले भनेजस्तो सबै उद्योगको लाइसेन्स खारेज गरेर समस्या समाधान हुँदैन । त्यसको साटो उनीहरुको सिन्डिकेट अन्त्य गऱ्यो भने चाहिँ समस्या पार लाग्नेछ । ग्यास र पेट्रोलियमको उत्पादन वितरण नाफालगायत सरकारको होइन सिन्डिकेटको नियन्त्रणमा छ । यही तोड्नुपर्छ ।

**गौरीकुमारीले गौर गर्न नसकेको आपूर्ति शृंखला**

**२०८२ पुस-माघ :** काठमाडौँमा ग्यास अभाव सुरु; मध्यपूर्व तनाव र बरौनी रिफाइनरी मर्मतका कारण आयात प्रभावित ।

**२०८२ फागुन अन्तिम :** आयल निगमद्वारा आधा सिलिन्डर (७.१ किलो) वितरण गर्ने निर्णय ।

**२०८३ साउन १ :** आधा सिलिन्डरको सट्टा पुनः १४.२ किलोको भरि सिलिन्डर वितरण खुला । झन हाहाकार सुरु ।

**२०८३ साउन १९ :** प्रधानमन्त्री कार्यालयमा बैठक; आयल निगम र उद्योगीद्वारा 'अभाव छैन' भन्दै गलत ब्रिफिङ ।

**२०८३ साउन २२-२९ :** वाणिज्य विभागद्वारा बजारमा ९० बुलेट माग र ६० मात्र आपूर्ति रहेको खुलासा; आयल निगमद्वारा टेकुबाट प्रत्यक्ष ग्यास बाँड्न सुरु तर कालोबजारी कायमै ।

**२०८३ भदौ १० :** रसुवास्थित भोटेकोशी र त्रिशूली नदीमा बाढी ।

**२०८३ भदौ १४ :** कृष्णभीरमा सडक भासिएपछि पृथ्वी राजमार्ग अवरुद्ध ।

**२०८३ भदौ २४ (बुधबार) :** उद्योग समिति बैठकमा मन्त्री गौरीकुमारी यादवद्वारा उद्योगीहरूको 'पाता कस्ने', ५८ वटै उद्योगको लाइसेन्स खारेज गर्ने विवादित अभिव्क्ति ।

**२०८३ भदौ २५ (बिहीबार) :** मन्त्री गौरीकुमारी यादवद्वारा प्रधानमन्त्री बालेन शाहसमक्ष राजीनामा पेस । अनलाईनखबर

**पत्रिका मागेर होइन किनेर पढ्ने बानी बसालौं**




"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी ☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(ान ९ बजेदेखि साँझ ५ बजेसम्म



हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# अहिले नेपाल नेपालीको हातमा छैन : प्रचण्ड

द पब्लिक टुडे समाचारदाता

*बर्दिबास, भाद्र २५ गते ।*

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल अहिले राष्ट्रिय स्वाधीनताको दृष्टिकोणले गम्भीर संकटमा रहेको दाबी गरेका छन् ।



बिहीबार सिरहाको मिर्चैयामा आयोजित पार्टीको कार्यक्रममा बोल्दै उनले संविधान र जनताको अधिकारमाथि संकट उत्पन्न भएको पनि टिप्पणी गरे । संयोजक प्रचण्डले गत वर्षको भदौ २३ र २४ गतेको आन्दोलनपछि नेपालको राजनीतिक अवस्था थप जटिल बनेको जिकिर गरे । 'नेपाल राष्ट्र रहने हो कि होइन भन्ने चिन्ता नेपाली जनताको मनमा पैदा भएको छ,' उनले भने, 'देशमा फेरि अर्को दुर्घटना हुने हो कि भन्ने आशंका पनि बढेको छ ।' सम्बोधन क्रममा उनले पटक-पटक 'नेपाल ठूलो संकटमा छ' भन्दै नेता तथा कार्यकर्तालाई गम्भीर भएर परिस्थितिको विश्लेषण गर्न आग्रह गरे । भदौ २४ गतेपछि संविधान मिचेर सरकार गठन भएको दाबी गर्दै उनले संसद् विघटन गर्नै नहुने अवस्थामा गरिएको र नेपालको राजनीतिक भविष्यबारे विदेशी शक्तिहरूले निर्णय गर्न थालेको आरोप लगाए । 'त्यसकारण हामीले भदौ २४ गतेलाई कालो दिन भनेका हौं,' संयोजक प्रचण्डले भने, 'अब नेपाल नेपाली जनताको हातमा फर्काउनुपर्छ । जनताको हातमा रहेको अधिकार पुनर्स्थापित गर्नुपर्छ ।'

उनले अहिले नेपाल नेपालीकै हातमा छ भन्ने ठान्नु भ्रम मात्रै रहेको बताए । 'अहिले नेपाल हाम्रो हातमा छैन, अर्कैको हातमा छ । त्यसैले नेपाल नेपालीको हातमा फर्काउन एउटा ठूलो मोर्चा र आन्दोलन आवश्यक छ,' प्रचण्डले भने । संविधान ट्र्याक बाहिर गएको टिप्पणी गर्दै उनले संविधानलाई भेन्टिलेटरमा राखिएको बिरामीसँग तुलना गरे । 'संविधान अहिले भेन्टिलेटरमा राखिएको बिरामीजस्तो भएको छ । भेन्टिलेटर झिकिदिने हो भने संविधान मऱ्यो भन्ने घोषणा हुन्छ,' उनले भने, 'अब संविधानलाई कसरी जीवित राख्ने भन्ने ठूलो प्रश्न हाम्रो अगाडि छ ।'

संविधान, लोकतन्त्र, संघीयता, न्याय र सुशासनको पक्षमा अभियान अघि बढाउने जिम्मेवारी अब वामपन्थी शक्तिहरूले लिनुपर्ने पनि प्रचण्डले बताए । त्यसका लागि नेकपा एमाले र नेकपा मसालसँग कार्यगत एकताको प्रक्रिया अघि बढेको बताउँदै उनले अन्य वामपन्थी शक्तिसँग एकताका लागि छलफल भइरहेको बताए ।

# बढ्दैछ कोदोखेती

राष्ट्रिय समाचार समिति

*महोत्तरी, भाद्र २५ गते ।*

महोत्तरीमा तीन/चार दशकयता घट्दै गएको कोदोखेती पछिल्ला वर्षमा भने बढ्दै गएको छ । कोदोको गुणकारी विशेषताबारे चर्चा बढेपछि किसानले यसको खेती विस्तार गर्न थालेका हुन् ।



कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार आव २०७८/७९ मा ३०० हेक्टरमा गरिएको कोदोखेती आव २०८१/८२ मा ३७५ हेक्टर पुगेको थियो । आव २०८२/८३ मा ३८२ हेक्टरमा खेती गरिएकोमा चालु आवमा ५०० हेक्टरको सेरोफेरोमा पुग्ने अनुमान छ ।

कोदोको उत्पादन पनि बढ्दै गएको छ । आव २०७८/७९ मा ३३० मेट्रिकटन उत्पादन भएकोमा आव २०८१/८२ मा ४१२ र गत आवमा ४२० मेट्रिकटन उत्पादन भएको थियो । चालु आवमा ६५० मेट्रिकटन उत्पादन हुने अनुमान छ । भङ्गाहा-४ का किसान गंगाराम महतोका अनुसार पछिल्ला वर्षमा कोदोको माग र मूल्य बढेपछि किसानले खेती विस्तार गरेका हुन् । मधेसमा कोदो मुख्यतः रोटीका रूपमा खाने गरिन्छ भने पछिल्लो समय ढिँडो, बिस्कुट र हलुवा बनाउनसमेत प्रयोग हुन थालेको छ ।

बर्दिबास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रितेश घिमिरेका अनुसार कोदोमा फाइबर, प्रोटिन, क्याल्सियम,म्याग्नेसियम,फसफोरस, फलाम र पोटासियमजस्ता पोषक तत्व पाइने भएकाले यसको माग बढेको हो । विशेषगरी मधुमेह भएका व्यक्तिले कोदो रुचाउन थालेपछि यसको महत्त्व र खेतीसमेत बढ्दै गएको छ ।

# मधेशमा ६ वर्षमा २८ हजार ८३ भवन निर्माण

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, भाद्र २५ गते ।*

मधेस प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै पछिल्लो छ वर्षमा २८ हजार ८३ वटा नयाँ भवन निर्माण गरेको छ । यसमा विपन्न तथा दलित परिवारका आवासदेखि सरकारी कार्यालय, सामुदायिक भवन र धर्मशालासम्म समेटिएका छन् ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७७/७८ देखि आव २०८२/८३ सम्म जनता आवास कार्यक्रमअन्तर्गत २० हजार ३७८, महेन्द्रनारायण निधि आवास कार्यक्रमअन्तर्गत दुई हजार ४१२ र विपन्नसँग मदन भण्डारी आवास कार्यक्रमअन्तर्गत चार हजार ७८ आवास निर्माण भएका छन् ।

यस अवधिमा ८५६ सरकारी भवन, २९१ सामुदायिक भवन र ६८ धर्मशालासमेत निर्माण भएका छन् । मन्त्रालयका सूचना अधिकारी रोहित जोशीले प्रदेशका आठवटै जिल्लामा आवश्यकता र प्राथमिकताका आधारमा ती संरचना निर्माण गरिएको जानकारी दिए ।

मधेश प्रदेशको आवास कार्यक्रमको सबैभन्दा महत्वपूर्ण पक्ष विपन्न तथा दलित परिवारलाई सुरक्षित आवास उपलब्ध गराउनु हो । वर्षौंदेखि कमजोर तथा असुरक्षित घरमा बस्दै आएका परिवारका लागि पक्की आवास निर्माण भएपछि उनीहरूको जीवनशैलीमा परिवर्तन आएको छ ।



जनता आवास कार्यक्रमअन्तर्गत मात्रै आव २०७७/७८ मा नौ हजार ४५, आव २०७८/७९ मा दुई हजार ७२८, आव २०७९/८० मा छ हजार ३९३, आव २०८०/८१ मा ११५, आव २०८१/८२ मा एक हजार ६४८ र आव २०८२/८३ मा १९० आवास निर्माण भएका छन् । यसरी हजारौँ परिवारले वर्षा, हावाहुरी तथा अन्य प्राकृतिक जोखिमबाट जोगिने सुरक्षित आवास पाएका छन् ।

प्रदेश सरकारको अर्को महत्वपूर्ण उपलब्धि सरकारी भवन निर्माण पनि हो । प्रदेश सरकार स्थापना भएपछि विभिन्न सरकारी कार्यालयका लागि आवश्यक भवन निर्माणलाई प्राथमिकता दिइएको छ ।

आव २०७७/७८ देखि आव २०८२/८३ सम्म ८५६ सरकारी भवन निर्माण सम्पन्न भएका छन् । आव २०७७/७८ मा नौ, आव २०७९/८० मा तीन, आव २०८०/८१ मा २३८, आव २०८१/८२ मा ३१७ र आव २०८२/८३ मा २८९ सरकारी भवन निर्माण भएको मन्त्रालयले जनाएको छ ।

आफ्नै भवन भएपछि सरकारी कार्यालय संचालनमा सहजता हुनुका साथै सेवाग्राहीले पनि व्यवस्थित वातावरणमा सेवा लिन पाउने अवस्था बनेको मन्त्रालयको भनाइ छ ।

गाउँटोलमा विवाह, बैठक, सामाजिक कार्यक्रम तथा अन्य सामुदायिक गतिविधि संचालन गर्न आवश्यक संरचनाको मागलाई सम्बोधन गर्न प्रदेश सरकारले सामुदायिक भवन निर्माणलाई प्राथमिकता दिएको छ ।

पछिल्लो अवधिमा २९१ सामुदायिक भवन निर्माण भएका छन् । आव २०७७/७८ मा ९७, आव २०७८/७९ मा २७ र आव २०७९/८० मा १६७ सामुदायिक भवन निर्माण गरिएको मन्त्रालयले जनाएको छ ।

त्यस्तै, विवाह, व्रतबन्धलगायत सामाजिक तथा सांस्कृतिक कार्यक्रमका लागि प्रदेशका जिल्लाहरुमा ६८ धर्मशाला निर्माण भएका छन् ।

प्रदेश सरकारका अनुसार भवन निर्माणलाई केवल भौतिक संरचना थप्ने कामका रूपमा मात्र नभई नागरिकको जीवनस्तर सुधारसँग जोडिएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता प्रविणप्रताप अधिकारीले आधारभूत भौतिक पूर्वाधारको विकासमार्फत नागरिकलाई सहज सेवा, सुरक्षित आवास र सामाजिक गतिविधिका लागि आवश्यक संरचना उपलब्ध गराउने सरकारको लक्ष्य रहेको बताए । "पूर्वाधार विकासलाई नागरिकको सामाजिक तथा आर्थिक समृद्धिसँग जोडेर सरकारले काम गरिरहेको छ", उनले भने ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री